**SOTANG : सोताङ**
[Yearly Peer Reviewed Journal]
ISSN: 2676-1440
Year 4, Volume 4, Issue 1, June 2023
Published by Sotang Public Campus

# खुवालुङ : किरात सांस्कृतिक स्थल

**शालिकराम राई**
**नेपाली इतिहास, संस्कृति र पुरातत्व केन्द्रीय विभाग, कीर्तिपुर**

*Article History : Submitted 16 June 2022; Reviewed 13 July 2022; Accepted 25 Aug. 2022*
*Author : Shalikram Rai Email:*
*DOI:*

**शोधसार**

*खुवालुङ किरात सांस्कृतिक स्थल हो । मुर्तरूपमा खुवालुङ एउटा प्राकृतिक शिला हो भने अमुर्त रूपमा सांस्कृतिक आस्थाको स्थल हो । यो एउटा कुनै भौगोलिक विन्दू मात्र नभई यसलाई एक बृहत क्षेत्रको रूपमा बुझिन्छ । खुवालुङलाई किराती नोछुङ (धामी) हरूले सांस्कृतिक कार्यहरू गर्दा मौखिक परम्परामा मुन्दुमी रिसिया (श्लोक) हरूमा पटक पटक पुकार गर्दछन् । किरात भन्नाले राई, लिम्बू, याख्खा, सुनुवार, हायू, जिरेल, सुरेल, थामी जातिलाई बुझ्ने गरिन्छ । परापूर्वकालदेखि अहिलसम्म पनि यी जातिको मूलथातथलो विशेषत पुर्बाञ्चलको पहाडी जिल्लाहरू रहेको देखिन्छ । भौगोलिक हिसाबले खुवालुङ धनकुटा जिल्लाको सहिदभूमि गाउँपालिका वडा नं. ७ र उदयपुर जिल्लाको बेलका नगरपालिका वडा नं. २ को सिमाना बग्ने पाँच नदीहरू - सुनकोशी, भोटेकोशी, लिखु, इन्द्रावती र दुधकोशी मिसिए बनेको पंचकोशी नदी र त्यसमा अरूण र तमोर मिसिई बन्ने सप्तकोशी नदीको त्रिबेणीको बीचमा प्रतिकात्मक ढुंङगाको रूपमा अबस्थित छ । किरातीहरूको जीवन दर्शन मुन्दुममा वर्णित आख्यान अनुसार बन्द खुवालुङलाई किरात नोछुङ (धामी) पुर्खाहरूले मुन्दुमको रिसिया गाएर यसको ढोका खुलाएका थिए । द्वार खुलेपछि यहाँबाट चार दाजुभाइहरूको हुलहरू आपसमा छुट्टिएका थिए । तर यसरी छुट्टिनेहरू को को थिए भन्ने बारे अनुसन्धाताहरूको एकै मत देखिदैन । खुवालुङ एउटा साँस्कृतिक अबधारणा हो जसले गर्दा किराती पुर्खाहरूले यसलाई बसाईसराईको क्रममा छाडेको स्मरणीय र महत्त्वपूर्ण मुन्दुमी थलोको रूपमा रिसिया मुन्दुमहरूमा सम्झिरहेका छन् । मुन्दुममा यसलाई "खुवालुङ ओ आसेलुङ ओ ।।। कैबोलोनी हो मैनानेपा हो आसेलोनी हो मैनानिए हो ।।।" ( अर्थ : हे खुवालुङ, तिमीलाई हामीले उहिले उहिलेदेखि श्रद्धा गर्दै आएको हो है) भन्दै पुकार गरिन्छ । अर्को महत्त्वपूर्ण तथ्य भनेको सिली नृत्य हो । किरात राईहरूले बिभिन्न सांस्कृतिक कार्यमा सिली नृत्य नाँच्दछन् । सिली एउटा अभियान र अभिव्यक्ति कला हो । यो नृत्य*

*सर्बसाधारण र मुन्दुमविद नोछुङ, रिसिमी, कुबिमीहरूले गर्ने गर्दछन् । उनीहरूले अन्य सिलीको अतिरिक्त खुवालुङ सिली पनि नाँच्दछन् जुन सिलीले खुवालुङको बन्द द्वरलाई खुलाउने गर्दछन् । यस सिलीको अभिनयबाट किराती जातिहरूले कसरी बसाईसराई गरे भन्ने जीबन्त संकेत पाउन सकिन्छ । त्यसैले खुवालुङ किराती समुदायको सांस्कृतिक आस्थाको केन्द्रको रूपमा मानिएको छ । खुवालुङ क्षेत्रलाई सामरिक महत्त्वले पनि हेर्ने गरिन्छ । यस क्षेत्रको सप्तकोशी किनारमा प्राचीनकालमा किरात राजा भीमको बेल्काकोट राजधानी भएको राज्य थियो । यहाँ केही वर्ष अघिसम्म पनि गढीको भग्नावशेष रहेको र गढी क्षेत्रमा पुलिकमाला, मट्टीमाला, वाछुइमाला, सिमाला, जिमाला र ताराको गुहु भन्ने ढुङ्गाका मालाजस्ता पुरातात्विक महत्त्वका वस्तु (Artifact) हरू पाइन्थे ।*

**शब्द कुञ्जीका :** किरात, सांस्कृतिक स्थल, खुवालुङ, नछुङ, मुन्दुम, रिसिया ।

## परिचय

खुवालुङ किरात सांस्कृतिक स्थल हो । मुर्तरूपमा खुवालुङ एउटा प्रतिक ढुङ्गा हो भने अमुर्त रूपमा सांस्कृतिक आस्थाको स्थल र बृहत क्षेत्र हो । खुवालुङलाई किराती नोछुङ (धामी) हरूले सांस्कृतिक कार्यहरू गर्दा मौखिक परम्परामा मुन्दुमी रिसिया (श्लोक) हरूमा पटक पटक पुकार गर्दछन् ( चाम्लिङ, वि.सं.२०७८ पृ. १५) ।

यिनै किरातहरूले मान्ने सांस्कृतिक स्थल खुवालुङ भौगोलिक अवस्थितिको हिसाबले धनकुटाको सहिदभुमि गाउँपालिका वडा नं ७ उदयपुर जिल्ला बेलका नगरपालिका वडा नं. २ को सिमाना पाँच नदीहरू सुनकोशी, भोटकोशी, लिखु, इन्द्रावती र दुधकोशी मिसिएपछि बनेको पंचकोशी र सोमा अरूण र तमोर मिसिएपछि बनेको सप्तकोशी नदीको त्रिबेणी बीचमा प्रतीक ढुंङगाको रूपमा रहेको छ । हिउदमा पानीको बहाब कम हुने भएकोले यसको स्वरूप देखिन्छ भने बर्षातमा पानीको वहाव बढ्ने हुनाले पुरा भाग पुरिन्छ देखिदैन । यहि खुवालुङ क्षेत्रमा किरातहरू लामो समय बसोबास गरी मानब सभ्यताको जग बसाल्दै पुन केहि आदिम पुर्खाहरू खोला, नदीहरू पच्छाउदै हालको थातथलोहरू सोलुखम्बु, ओखलढुंगा, खोटाङ, भोजपुर, धनकुटा, तेहथुम, ताप्तेजुङ, ईलाम आदि ठाउँहरूसम्म पुगेर बसोबास गर्दै आएका छन् । खुवालुङ किरातीहरूको आदिम थलोको रूपमा बिकास भएको छ । पहाडतर्फको बसाईसराईको क्रममा प्राग्ऐतिहासिक प्रवेशद्वारको रूपमा बिकास भएको देखिन्छ भने कोहि पुर्खा तर्नु नसकि तराईतिर नै बसोबास गरेको किंम्बदन्ती पाइन्छ । पछिल्लो पुस्ताहरूले यसलाई सांस्कृतिक हिसाबले पुजा गर्दै आएका छन् । यो बृहत खुवालुङ क्षेत्रभित्रको धनुकटा सहिदभुमि गा.पा, उदयपुर बेलाका न.पा., सुनसरीको बराहक्षेत्र गा.पा. र भोजपुरको हतुवा गढी गापाहरूमा किरात समुदायहरूको सघन बसोबास रहेको छ ।

किरात जातिभित्र पनि धेरै वटा भाषिक समुदायहरू छन् । हाल राई, लिम्बू, याख्खा, सुनुवार, हायू, जिरेल, सुरेल, थामीले आफु किरात भएको स्वीकार गरेका छन् । यस विषयमा धेरै बिद्वानहरूमा मतैक्यता रहेका छ । जस्तो आचार्य (२०६७) का अनुसार नेपालमा किरात भित्र, नेवार गुरुङ, लेप्चा दनुवार, किच्चक हायु, थारु, थामी, मगर, भोटे, शेर्पा, तामाङ, राई, लिम्बू, याक्खा, सुनुवार र भारतमा

उत्तरप्रदेश, राजी, पूर्वराज्यको खासी, जयन्तीमा गारो, कचरी, भाडा, नागा, पिपरा, जिस्मी चुनिया मणिपुर, त्रिपुरा बोडो रभा आदि किरात हुन् । त्यसैगरी सिंह (१९९०. पृ. ८७, ८८ र ८९) का अनुसार खासी, जैन्तिया, गारो, कछाडी अकास, नाग (संगालोगोइ), तिप्परा, मिस्मि, चौतिया, नरक जो उत्तर पश्चिम भारत, आसाम, बंगाल, त्रिपुरा, उडिसा, सिक्किम दार्जिलिङ लगायत पूर्ण भारत, तिब्बत, वर्माका आदिवासीहरू पैराणिक कालदेखि पाचौं शताब्दीबीच तराई उपत्यका र पहाडमा बसोबास गरे । नेपालको दुधकोशी, सुनकोशी, तमोर नदीको आसपासमा बसोबास गर्ने ती खम्बू, राई, याख्खा, सुनुवार र लिम्बू नै वर्तमानमा किरात हुन् । बिभिन्न सोधकर्ताहरूले आआफनै किसिमको तथ्य र प्रमाणहरू किरात सम्बन्धमा पेश गरेता पनि समाजशास्त्रीय आधारबाट एउटा जातिमा हुने विशेषताहरूलाई हेर्दा नेपालको परिप्रेक्ष्यमा सांस्कृतिक भौगोलिक र मनोवैज्ञानिक लिखित वा अलिखित इतिहास विशिष्ट कारणले राई, लिम्बू, सुनुवार (कोइच), याख्खा मात्र किरात भएको सगौरव ठान्दछन् र यिनीहरूको सामाजिक तथा साँस्कृतिक साझा संस्थाका नाममा किरात लेखेका छन् । जस्तै क्रमशः किरात राई यायोक्खा, किरात याक्थुङ चुम्लुङ, किरात सुनुवार सेवा समाज र किरात याक्खा छुम्मा ।

किरात सांस्कृतिक स्थलको रूपमा रहेको खुवालुङको महत्त्व किराती सांस्कृतिक जीवनमा ठूलो रहेको देखिन्छ । खुवालुङसँग किरात जातिको कस्तो सांस्कतिक तथा ऐतिहासिक सम्बन्ध कस्तो रहेको छ ? किन यो स्थान सांस्कृतिक स्थल रहन गयो ? किरातीहरूको सांस्कृतिक जीवनमा खुवालुङको के कस्तो महत्त्व रहेको छ ? भन्ने प्रस्नहरूको उत्तर खोजी गर्नु यस सोध अध्ययनको मुख्य उद्देश्यहरू रहेका छन् । मेरो जानकारी अनुसार अहिलेसम्म अनुसन्धाताहरूबाट यस विषयमा केन्द्रित रहेर प्राज्ञिक अनुसन्धान गरेको देखिन्दैन । हालसम्म केही छिटफूट लेख रचनासम्म प्रकाशित भएका छन् । अत अहिलेसम्म यस विषयमा ब्यबस्थित प्राज्ञिक अध्ययन अनुसन्धान नभएकोले सो रिक्ततालाई पुर्न थप अध्ययन गर्नु जरुरी देखिन्छ । किराती मुन्दुम, परम्परा, मिथक, श्रुतिहरू अलिखित मौखिक परम्परामा आधारित भएकोले प्रागऐतिहासिक सांस्कृतिक स्थल खुवालुङको प्राज्ञिक सोध अध्ययन भई यथार्थता प्रकाशमा आउनु औचित्यतापूर्ण हुने देखिन्छ ।

## पूर्व साहित्य समीक्षा

किरात प्रागऐतिहासिक तथा सांस्कृतिक स्थल खुवालुङकाबारे भएका केही सोध अध्ययनहरू तपसिल बमोजिम सिंहवालोकन गरिएको छ :

चतुरभक्त राई (२०७८) ले खुवालुङ किरात प्रागऐतिहासिक तथा सांस्कृतिक स्थल सोध अध्ययनमा खुवालुङको अर्थ र पहिचान खुलाई खुवालुङ कहा पर्दछ भन्ने बिषयमा बिभिन्न तथ्यहरू पेशा गरेका छन् । जसमा दुमीहरूले खुवालुङ हलेसीमा मानेको, त्यसैगरी सम्पाङहरूले खोटाङको माकपा गाउँलाई खुवालुङ मानेका उल्लेख गरेका छन् । त्यसैगरी ओखलढुंगाको मोली र बाहुनी डांडाको बिच खोजमा खुवालुङ रहेको पनि उनले उल्लेख गरेको पाइयो । खुवालुङलाई प्रतिकको रूपमा भएको उल्लेख गरिएको छ । यस सोध अध्ययनको पुनरावलोकनबाट खुवालुङको मिथक राई जातिमा प्रचलित रहेको र खुवालुङ सिलीको बारे जानकारी पाइन्छ ।

भोगिराज चाम्लिङ (२०७८) ले एक ढुङ्गा, एक बडा पत्र खुवालुङ सोधअध्ययनमा प्राचीनकालमा नेपालको पुर्बी पहाडी उक्लने प्रवेशद्वार खुवालुङ रहेको र थुप्रै हुलहरू पटकपटक खुवालुङ तरेका कुरा उल्लेख गरेका छन् । त्यसैले खुवालुङ किरातीहरूको आदिम थलो हो, जहाँबाट बसाईसराई गर्दै पुर्खाहरू हालको थातथलोसम्म पुगेको बताएका छन् । खुवालुङ एउटा अबधारणा हो जसले गर्दा किराती पुर्खाहरूले बसाईसराईको क्रममा महत्त्वपूर्ण स्मरणीय रहेको थलोलाई खुवालुङ परिभाषित गरी साझा स्मृति रूपमा सुरक्षित गरे । किरात नछुङले थुपै थरीको संस्कार गर्ने क्रममा खुवालुङ पुकार गर्दछन् । किरात राईहरू २ थरीको हुन्छन् । पानीपानी हुदै सांस्कृतिक यात्रा गर्दछन् र खोला नदी र त्यसको आसपासमा भएको खोलानाला, थातथलोहरू पुकार गर्दछन् । अर्को थरीकाहरू डाँडाकाडा हुदै बिभिन्न थातथलो पुकार गर्दै सांस्कृतिक यात्रा (Ritual Journey) गर्दछन् ।

तारामणि राई (२०७८) ले खुवालुङको रक्षार्थ प्रतिरोध सोध अध्ययन प्रकाशित गरेका छन् । यस सोध अध्ययनमा खुवालुङको बारे भाषिक दृष्टिकोणबाट व्याख्या गरेका देखियो । भोटबर्मेली भाषा अनुसार खुवालुङको अर्थलाई व्याख्या गरेका छन् । ऐतिहासिक भाषा बिज्ञानको हिसाबले पुष्टि गरेका छन् । अरूण नदी, तमोर नदी, दुधकोशी नदी पच्छ्याउँदै नदीका किनारहरूमा मानब सभ्यताको बिकास भएको उल्लेख गरेका छन् । किरातीहरूको आदिम बसाईसराईमा खुवालुङ एउटा महत्त्वपुर्ण स्थान हो । प्राचीन कालमा सप्तकोशी किनारमा किरातीको राजधानी बेल्कोट थियो । त्यसका शासक भिम किरात राजा थिए र अहिलेसम्म पनि गढीको अवशेषहरू पाउन सकिन्छ । खुवालुङ प्रकृतिसंग गरिएको साझा संघर्षको पबित्र प्रतिक हो । खुवालुङ भन्दा उत्तरतिर जमीन किरातहरूको हो दक्षिणतिरको जमीन थारु, मेचेकोचे हो भन्ने बिश्वास छ । त्यसले किरातीहरूको लागि खुवालुङ एउटा सांस्कृतिक सिमाना हो।

शालिक शातासक राई (२०७८) ले खुवालुङ किरात जातिको सांस्कृतिक आस्था केन्द्र कार्यपत्रमा खुवालुङ अर्थ परिभाषा सहित यसको आस्थाको केन्द्र बन्नुको आधारहरू व्याख्या गरेका छन् । आदिम पुर्खाहरू हर्कबुङ, मकबुङ, रिब्लबुङ छुटिएको ठाउँको उल्लेख गरेका छन् । यिनै पुर्खाको सन्तानहरू आजको राई, लिम्बू, याख्खा, सुनुवार, पहाडतिर खुवालुङ तरेर लागे भने मेचेकोचे धिमाल, थारुहरू तराईबासी भए । किनकि उनीहरूले खुवालुङ तर्नु सकेनन् भन्ने कुरामा जोड दिएका छन् । वाख्राको मासु खान नहुने मिथकलाई पनि औंल्याइएको देखिन्छ ।

प्रदिप कुमार राई (२०७९) ले किरात सांस्कृतिक सिमाना सोध अध्ययनमा खुवालुङबाट आदिम किरातीहरू खोला खोला पछाउदै किनार किनार लागेका र जहाँजहाँ पुगे त्यहि त्यही भष्मे खोरीया फाडेर आवादी बनाएको र अहिले मुलथात थलोको बिकास भएको मान्यता अघि सारेका छन् । खुवालुङको अर्थ, अबस्था, परिचय, सम्बन्धबारे उल्लेख गरे पनि किन किराती समुदायले खुवालुङलाई महत्त्व दिएका छन् भन्ने बिषयमा आदिम भुमि भएकाले आफ्नो ठाउको महत्त्व हुन्छ भनी विश्लेषण गरेका छन् । तर यसका सांस्कृतिक पक्षहरू केके छन् भन्नेबारे प्रमाण पेश गरेको पाइदैन ।

माथि उल्लेखित सोधअध्ययनहरूले खुवालुङ किरात सांस्कृतिक स्थल कसरी भयो र कस्तो सांस्कृतिक ऐतिहासिक सम्बन्ध रहेको छ भन्ने बारे खुवालुङको अर्थ, अवस्थिति, किरातीहरूको सम्बन्ध

बारे मतैक्यता छ । दोस्रो अनुसन्धान प्रश्नको बिषयमा चाहि खुवालुङसँग किरातीहरूको कसरी गहिरो सांस्कृतिक ऐतिहासिक सम्बन्ध हुन पुग्यो भन्ने बारे आदिम किराती पुर्खाहरू खुवालुङ् तरेर गरेको भन्ने तथ्यमा सबै एक मत छन । तेस्रो अनुसधान प्रश्नको बिषयमा चाहि किरातीहरूको सांस्कृतिक जीवनमा खुवालुङको महत्त्व किन हुन पुग्यो भन्ने बारे कोहि सोधकर्ताहरू बोल्नु सकेको छैन त्यसैले मैले राखेको अनुसन्धान प्रश्नको उत्तरलाई सम्बोधन गरेको नदेखिनु र अहिलेसम्म यस बिषयमा अध्ययन नहुनु नै मेरो सोधअध्ययनको अनुसन्धान रिक्तता हो । त्यसकारण यसको अध्ययन औचित्य पूर्ण देखिन्छ । अनुसन्धान गर्न चाहेको बिषयमा अनुसन्धान रिक्तता देखिन्छ ।

## अनुसन्धान विधि

उपरोक्त सोधअध्ययनमा प्रकृतिको हिसाबले गुणात्मक अध्ययन बिधि प्रयोग भएको छ । साथै गुणात्मक भित्र ब्याख्यात्मक विधिको प्रयोग रहेको छ । यस विधिमा प्राथमिक तथा द्वितीय स्रोतहरूबाट तत्थ्यहरू संकलन गरिएको छ । प्राथमिक तथ्यहरूमा मुख्य जानिफकार व्यक्तिहरू र विभिन्न मुन्दुमी रिसिया जान्ने व्यक्तिहरूसँग अन्तबार्ता गरी संकलन गरिएको छ भने द्वितीय स्रोत अन्तर्गत खुवालुङ सम्बन्धि प्रकाशित पुस्तकहरू, अप्रकाशित पुस्तक, आख्यानहरू, पत्रपत्रिका, लेख, रचना, गाँउघरमा प्रचलित किबदन्ती र इन्टरनेटलाई समेत आधार मानेर संकलन गरिएको छ । अनुसन्धान दर्शन (Research philosophy) को रूपमा सामाजिक बिज्ञानमा समाजवाट नै कुनै पनि ज्ञानको निर्माण हुने भएकोले Constructivism (रचनावाद) वा निर्माणवाद अनुसन्धान दर्शनबाट अध्ययन गरिएको छ भने यो इथ्नोग्राफी (Ethnography Approach) रहेको छ । प्रस्तुत अध्ययनमा तथ्य विश्लेषण (Data Anaylasis) का लागि गुणात्मक तथ्यांक विश्लेषण विधि प्रयोग गरिनेछ । त्यसमा पनि अन्य विधि प्रयोग नगरीन लिखित, मौखिक, भिडियो, अडियो आदि सामग्री विश्लेषणमा प्रयोग हुने वर्णनात्मक र व्याख्यात्मक विधि प्रयोग गरिएको छ ।

## खुवालुङ किरात सांस्कृतिक स्थलका मुख्य प्राप्तिहरू

### किरात जाति र सांस्कृतिक स्थल खुवालुङ

किरात जाति नेपालको आदिबासीको रूपमा चिनिन्छ । जसको आफ्नो छुट्टै भाषा, धर्म, संस्कार, संकृति, इतिहास, मल्य, मान्यता, परम्परा र लिपि छ । किरात शब्दको उत्पत्ति र शब्दिक अर्थबारे विद्वानहरूबीच अनेकौं मतभेद छ । किरातको न्वारान चाहे जेसुकै तरिकाबाट भएपनि यसभित्र को को पर्दछन ? भन्ने प्रश्न पनि आउछ । त्यसकारण केही परिचर्चा आवश्यक छ । याक्खा राई (२०५५,पृ. ३०) का अनुसार कैलाश-पर्वत हिमश्रृङखलाहरूमा भएको अति शुद्ध, पवित्र र सत्य भूमिलाई किरात भनिएको हो भनिन्छ । किराती मुन्दुमी भाषामा 'काईंलाशो' को अर्थ हुन्छ नाता सम्बन्ध र पवित्र आसन । त्यस बेलाका मानिसहरूले हिमाललाई सर्वोच्च परमात्मा बस्ने पवित्र स्थान भनी काईंलाशो वा कैलाश भन्दथे । यही 'काइलाशो' शब्द अपभ्रंस हुदै 'काइलाशी' 'काइलाती' 'कैराती' वा 'किरात' भएको हो । यही पवित्र ठाउँमा जन्मि हुर्केरा फैलिएका मानव जातिलाई किरात भनियो ।

त्यसैगरी प्रपन्नाचार्य (२०५७) का अनुसार किरात शब्द संस्कृतबाट आएको हो । यो शब्दको २ विभाग गरेको देखिन्छ 'किर' र 'अत' । किर शब्दको अर्थ समुन्द्रपर्यन्त भू-भाग हो र 'अत' शब्दको अर्थ निरन्तर गमन गर्नु हो । अर्थात नेपालदेखि लिएर समुन्द्रसम्मको भू-भागमा गएर जसको परिक्रमले जितेर शासन गर्दछन् ती किरात हुन् । किरात शब्द कसैले फारसी हो भनेका छन भने किरात शब्द संस्कृतबाट आएका पनि मान्दछन् ।

त्यसैगरी सिंह (१९९०, पृ. ८७, ८८, ८९) का अनुसार खासी, जैन्तिया, गारो, कछाडी अकास, नाग (संगालेगोइ), तिप्परा, मिस्मि, चौतिया, नरक जो। उत्तर पश्चिम भारत, आसाम, बंगाल, त्रिपुरा, उडिसा, सिक्किम दार्जिलिङ लगायत पूर्व भारत, तिब्बत, वर्माका आदिवासीहरू पैराणिककालदेखि पाचौं शताब्दीबीच तराई उपत्यका र पहाडमा बसोबास गरे र नेपालको दुधकोशी, सुनकोशी, तमोर नदीको आसपासमा बसोबास गर्ने ती खम्बू राई र याक्खा, सुनुवार र लिम्बू नै वर्तमानमा किरात हुन् । प्राचीनकालमा किरातीहरूको राज्य गंगा नदीको भूमिसम्म फैलिएको थियो । सुनकोशीदेखि लिखुसम्म वल्लो किरात, लिखूदेखि अरूण नदीसम्म माझ किरात, अरूणदेखि मेचीसम्म तथा सिंगलिलामा बसोबास गर्ने चौरासियालगायत पल्लो किरात पूर्वी नेपालका बासिन्दाहरूलाई 'नौ लाख किरात' भनिन्थ्यो र उक्त भूभागलाई किरात देश भनिन्थ्यो (ऐ. ९१, ९२) । यसरी किरात को हुन् ? कसरी फैलिए भन्ने बारे बिभिन्न बिद्वानहरूको फरक फरक मत रहँदै आएको देखिए पनि राई लिम्बू, याखखा र सुनुवार, हायू, सुरेल, जिरेल, थामी समुदायले आफूहरू किरात भएको स्वीकार गर्दछन् । यिनै समुदायले आफ्नो सांस्कृतिक कार्यहरूमा खुवालुङलाई मान्ने गर्दछन् ।

खुवालुङको शाब्दिकता हेर्दा वास्तबमा 'खुवा' भनेको किरात राई भाषामा पानी हो भने 'लुङ' भनेको ढुङ्गा । त्यही भएकोले कोसीको बीचमा भएको ढुङ्गालाई खुवालुङ भनिएको हो । किरात राई बस्तीहरूमा 'खुवा' जोडिएका यस्ता थुप्रै खोलानाला छन् । जस्तो कि संखुवासभाका साङुवा, लाङुवा, तिङुवा, चिङुवा, भोजपुरका इर्खुवा, चिर्खुवा, पिखुवा, आखुवा, खोटाङका बुइखुवा, दिखुवा, मकुवा । पूर्वी नेपालबाट पश्चिमतर्फ ओखलढुङ्गा जिल्ला र त्यसभन्दा अझ पश्चिम-दक्षिणतर्फ उदयपुर, रामेछाप, सिन्धुली जिल्ला पुगेपछि 'खुवा' शब्दको 'वा' हराएर पंखु, सोखु, मयंखु, लिखु हुन पुग्छ । त्यो क्रम काठमाडौं उपत्यकासम्म निरन्तर रहन्छ । जस्तो कि काठमाडौंमा खोलानालाका नामहरू साँखु, तेङ्खु (टेकु), नखु, जप्तिखु, लम्खु हुन पुग्छ (मल्ल, सन २०१५, पृ. २४८-२४९) । यसरी पूर्वी पहाडबाट काठमाडौं उपत्यका पुग्दा खोलानालाका नाममा 'खुवा' हराएर 'खु मात्र बाँकी रहन्छ । यसरी हेर्दा काठमाडौं उपत्यका केन्द्र बनेपछि अझ समृद्ध हुन पुगेको नेपाली सभ्यताको जरा खुवालुङ हो भन्न सकिने आधारहरू छन् । यसरी हेर्दा आदिम यथार्थ खुवालुङ अहिले मिथक भएको छ ।

सांस्कृतिक स्थल खुवालुङ : उहिलेको यथार्थ अहिलेको मिथक :

खुवालुङ किरात सांस्कृतिक स्थल हो भन्ने कुराको सबैभन्दा आधिकारिक प्रामाण भनेको मुन्दुम हो । मुन्दुम किरातीहरूको सांस्कृतिक जीवन दर्शन हो । यो एउटा साँस्कृतिक अबधारणा पनि हो । यसलाई

किराती पुर्खाहरूले बसाईसराईको क्रममा महत्त्वपूर्ण स्मरणीय थलोको रूपमा परिभाषित गरी साझा स्मृतिको रूपमा सुरक्षित गरे । सांस्कृतिक जीवनमा युगौ युगदेखि मुन्दुम, रिसिया (श्लोक) मा पुकार गर्दै ल्याएका छन (चाम्लिङ, २०७८ पृ. २३) । मुन्दुममा उल्लेख गरे अनुसार खुवालुङबाट आदिम किराती पुर्खाहरू चार समूहमा छुट्टिएका थिए । ती दाजुभाइहरू को को थिए भन्ने बारे अनुसन्धाताहरूको एक मत देखिदैन । एक थरीको मत जेठा हर्कबुङ (भोटे०, माईला मकबुङ (खम्बु राई) साइला रिब्लबुङ (याक्थुङवा लिम्बू) र कान्छा थारुह बादिह (थारु, धिमाल, मेचे कोचे) हुन भन्ने रहेको छ । अर्का थरीको मत खम्बुहाङ (जेठा), मेत्लाहाङ (माइला), मेवाहाङ (कान्छा) हुन् भन्ने मत पनि रहेछ ९राई, २०७९ पृ. ३७) । एक भाइ दुधकोशी पच्छ्याउदै लागे, अर्को भाइ अरूण नदी र अर्को भाइ तमोर नदी र त्यसपछि तिनीहरू ती नदीहरूको आसपासमा बसोबास गर्न थाले ।

खुवालुङ् ढुङ्गारूपी बिशाल द्वार थियो र सधै बन्द हुन्थ्यो । पहिलो समुहमा आएका आदिम किराती पुर्खाहरू घुम्दै आउदा ढुङ्गारूपी द्वार बन्द भएकोले मुन्दुम गाउदै केकी (मुन्दुमी चरा) लाई भोग दिई पुजा गर्दा द्वार खुल्यो र दुधकोशी पच्छ्याउदै लागे । कालान्तरमा उनीहरू सुनुवार, कुलुङ, थुलुङ, बाहिङ, नाछिरिङ, वाम्बुले भाषिक समुह बनी सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, सोलुखुम्बु, ओखलढुंगा, खोटाङ, भोजपुर आदि ठाउँहरूमा बसोबास गरेका छन् (राई, २०७७ पृ. २४) । त्यसैगरी दोस्रो समुह किराती पुर्खाहरू पहिलो समूह जस्तै पुजाआजा गरी तरे । यिनीहरू अरूण नदीलाई पच्छ्यााउदै लागे र उनीहरू हाल संखुवासभामा याम्फु, मेवाहाङ र लोहोरुङ राईहरू भई बसेका छन् । तेस्रो समुह त्यहा पुग्दा सबै खुवालुङ पार गरी सकेका थिए र पारी तरेका दाजुभाई कसरी तर्नु भयो ? भनि सोध्दा दोस्रो समुहले केकी चराको भोग दिएर तरेको भन्ने जवाफमा चेली भन्ने सुने र आफुसंग भएको चेलीको कान्छी औंला काटी भोग दिएर मुन्दुम गाउदै पुजा गरेपछि ढोका खुल्यो र पार गरे । उनीहरू तमोर नदी पच्छ्याउदै गए । तर चेली रगत रोकिएन र केराको पातमा खस्यो । त्यो रगत बाख्राले खाएपछि चेलीको तुरुन्त मृत्यू भयो ( ग्याँसले, २०७७ पृ. २५४) । अन्तिम समूह कान्छा खुवालुङ आईपुग्दा कोहि दाजुभाईहरू देखेनन् । बाटो बन्द भएकोले जाने कुनै उपाय भएन । उनी तराईतिर नै फर्केर बसोबास गरे । उनीहरूका सन्तानहरू नै मेचे, कोचे, धिमालहरू हुन् जो अहिले सुनसरी, झापा, मोरङ, उदयपुरमा बसोबास गरेका छन् (राई, २०७८ पृ. ३२) । त्यसैले खुवालुङलाई किराती चार दाजुभाई छुट्टिएको सांस्कृतिक आस्था स्थलको रूपमा मान्दै आएका छन् ।

अर्को मुन्दुमी लोककथा अनुसार किरातीका पुर्खाहरू खुवालुङ क्षेत्रबाट बाँडिएका हुन् । उहिले किराती पुर्खाहरूले पार गर्ने बेला खुवालुङ बन्द थियो । पहिलो समूहले खुवालुङ खुलाउन जुरेली चराको भोग दियो । चराको रगत परेपछि खुवालुङ खुल्यो र पहिलो समूहले नदी पार गर्‍यो । लगत्तै दोस्रो समूह आइपुग्यो र आफ्नै चेलीको औंला थोरै चोट पारेर खुवालुङलाई रगत पारिदियो । खुवालुङ खुल्यो । उनीहरू पनि कोशी तरेर पहाडतर्फ उक्लिए । यसरी किराती पुर्खाका थुप्रै हुलले खुवालुङ पार गर्‍यो । कतिपयले हर्कबुङहरू थिए भन्दछन् । कतिपयले त्यसरी नदी पार गर्नेहरूमा बुसुरी (भुसुरी), वाछप्पा र

छोछाप्पाहरू थिए भन्छन् । कतिपयले रुङ्धितामहरू थिए भन्छन् । यसको अर्थ हो, थुप्रै समूहले पटकपटक खुवालुङ पार गरेको थियो ।

**सांस्कृतिक सिमाना खुवालुङ :**

खुवालुङ एउटा साँस्कृतिक सिमाना हो । यो खोला तरेर जानेहरूको मिथक र तर्नु नसक्नेहरूको यथार्थ घट्ना हो । खुवालुङ क्षेत्रभन्दा उत्तरतिरको क्षेत्र किरातहरूको थातथलो रहेको छ । यनीहरूले दुधकोशी, अरूण, तमोर नदीहरूलाई पच्छ्याउदै नदीको किनारमा मानब सभ्यताको बिकास गरेका छन् । यहाँ किराती गाउघर पाउन सकिन्छ भने दक्षिणतिरको थातथलो थारु, धिमाल मेचेकोचे समुदायहरू बसोबास गर्दछन् । बन्द भएको प्रतिकद्वार नखुले पछि उनीहरू तराई तिर नै बसोबास गरे । त्यसैले खुवालुङ एउटा सांस्कृतिक सिमाना हो भन्ने मुन्दुममा व्याख्या गरेको पाइन्छ । यस खुवालुङबाट आदिम किरातीहरू खोला खोला पच्छ्याउदै किनार किनार लागेका र जहाँजहाँ पुगे त्यहि त्यही भष्मे खोरीया फाडेर आवादी बनाएको र अहिले मुलथात थलोहरूको बिकास भएको मान्यता अघि सारेका छन् । अहिले मुन्दुम रिसियाहरूमा मात्र यसको पुकार गरिने गर्दछ ९राई, २०७९ पृ. ४३ ) ।

मुन्दुम अर्को महत्त्वपुर्ण तथ्य हो किराती मुन्दुममा धामीवाद (Samanism) रहेको हुन्छ । किराती संस्कार गर्दा धामी (नोक्छुङ, नाक्छौ र नागिरे) हरूको भूमिका महत्त्वपुर्ण हुन्छ ९राई, २०७८ पृ. ५४) । धामीहरूको मुन्दुमी यात्रा (Ritual journey) मा खुवालुङ शक्ति केन्द्र हो । धामीहरू मुन्दुमी यात्रामा जुन खोलाटोलाको हो यहीबाट खोला पच्छ्याउदै हिड्ने गर्दछन् । यहि क्रममा नदीहरू खोलाहरू पच्छ्याउदै खुवालुङसम्म आइपुग्दछन् । जस्तो कि अरूण खोला क्षेत्रको धामीहरू सोहि नदीलाई पच्छ्याउदै जान्छन् र संस्कार कार्य गर्दछन् । उदारणका लागि धनकुटा क्षेत्रको राई समुदायहरू छिलिङ र आठपहरिया अहिले पनि मृत्यू संस्कार गर्दा खुवालुङ नै आउने गर्दछन् । उनीहरू संसारको जुनसुकै ठाउँमा मृत्यू भए पनि यहि आएर अन्तिम मृत्यू संस्कार गर्दछन् । तर अन्य समूहकाहरू भौगोलिक रूपममा धेरै टाढा भएकाले मुन्दुम र संस्कारगत कार्यहरूमा मात्र आउने गर्दछन् ९मिलन किरात, २०७९ ।५।५ को अन्तरबार्ता) ।

**राई जातिमा प्रचलित खुवालुङ सिली (नृत्य) :**

किरात राईहरूले बिभिन्न सांस्कृतिक कार्यमा सिली (नृत्य) नाच्दछन् । जस्तैस् उनीहरू साकेला चाड ९उधौली उभौली), बिबाह, मृत्युमा संस्कार हिसाबले नाच्ने गर्दछन । सिली एउटा अभियान र अभिव्यक्ति कला हो । यो नृत्य सर्बसाधारण र मुन्दुमविद नोछुङ, रिसिमी, कुबिमीहरूले गर्ने गर्दछन । यस नाचको खुवालुङ सिलीमा किराती समुदायहरू कसरी बसाई सराई गरे भन्ने जीबन्त अभिनय पाउने गरिन्छ । त्यसैले खुवालुङ किराती समुदायको सांस्कृतिक आस्थाको केन्द्रको रूपामा मानिएको छ । किराती समाज र संस्कृतिको उद्बिकास र प्रसार यहाबाट भएकोले देखिन्छ ।

किराती समुदायमा धामी नोछुङहरू २ किसिमको हुने गर्दछन् । पहिलो खालको नोछुङहरू ( बिजुवा) जो आफ्नो साँस्कृतिक यात्रामा खोला खोला हिड्ने गर्दछन् । खोलाहरू पच्छ्याउने क्रममा यहि खुवालुङसम्म आइपुग्छन । यहाँ बाटो बन्द हुन्छ र उनीहरूले रिसिया गएर खुवालुङ सिली गरेपछि मात्र

बन्द ढोका खुल्छ । त्यसपछि उनीहरू आआफ्नो थातथलो पुग्दछन् भन्ने बिश्वास गरिन्छ ९नोछुङ, ग्याविन्द्र राई, बि.स. २०७९।५।५ को अन्तर्वार्ता ) ।

त्यसैगरी किरात राई संस्कृतिमा खावालुङ रुङरी सिली हुलिसकेपछि सोहि घरमा खुवालुङ पुजा गरिन्छ । चाम्लिङहरूले खुवालुङलाई खावालुङ पनि भन्दछन् । खुवालुङ किरात पुर्खाहरू बाँडफाँड भएको आदिम थलो पनि हो । यहि आएपछि सिलीबाट बन्द रूपीद्वार सिलिले नाचेर खुल्छ । त्यसपछि बाटो खुल्छ । अनि पुनः आफ्नो थातथलोमा धामीहरू पुग्दछन् (चाम्लिङ, २०७८, पृ. ५) ।

**खुवालुङ क्षेत्रमा किरात राजा भीमको बेल्काकोट राजधानी :**

खुवालुङ क्षेत्रमा किरात राजा भीमको बेल्काकोट राजधानी थियो । खुवालुङ एउटा बृहत क्षेत्र भएकोले किरातीहरूको प्राचीनकालदेखि सम्बन्ध थियो भन्ने देखिन्छ । प्राचीनकालमा सप्तकोशी किनारमा किरात राजा भीमको बेल्काकोट राजधानी भएको राज्य थियो (सिंह, सन २००८, पृ. २६५) । खुवालुङ क्षेत्र किरातीहरूको प्राचीन आवादी क्षेत्र हो । खालिङ राईहरूमा प्रचलित मिथकले खुवालुङ क्षेत्रमा किरातीहरू लामो समय बसोबास गरेका थिए भन्ने संकेत गरेको छ । बेलाका क्षेत्रमा पाइने मट्टीमालाहरू र ऐतिहासिक तथ्यहरूले पनि खुवालुङ क्षेत्र किरातीहरूको प्राचीनकालदेखि सम्बन्ध थियो भन्ने देखिन्छ । केही वर्षअघिसम्म पनि गढीको भग्नावशेष थियो र गढी क्षेत्रमा पुलिकमाला, मट्टीमाला, वाछुइमाला, सिमाला, जिमाला र ताराको गुहु भन्ने ढुङ्गाका मालाजस्ता पुरातात्विक महत्त्वका वस्तु (आर्टिफ्याक्ट० पाइन्थे (चेम्जोङ, २०७७ पृ. ९८) । यस क्षेत्रमा पाइने पुरातात्विक मट्टीमालाहरूले यहाँ अघि गढी थियो भन्ने कुराको संकेत मिल्दछ । सामरिक महत्त्वको हिसाबले खुवालुङ क्षेत्र किरातीहरूको प्राचीन आवादी क्षेत्र हो । प्राचीनकालमा नेपालको पुर्वी पहाडी उक्लने प्रवेशद्वार खुवालुङ थियो ।

**मुन्दुम रिसियामा वर्णित खुवालुङ :**

मुन्दुम किरातीहरूको जीवन दर्शन हो । यो मौखिक परम्परामा आधारित रहेको पाइन्छ । किराती संस्कारगत कार्यहरू गर्दा अनिबार्य रूपमा खुवालुङ आउने भएकोले यसलाई सांस्कृतिक स्थलको रूपमा लिने गरिन्छ । खुवालुङलाई मुन्दुममा व्याख्या गरिए अनुसार मुन्दुमी यात्रामा किराती धामीहरूले अहिले पनि पटक पटक मुन्दुम गाउँछन् र पुजा गर्छन । जसको अभाबमा सांस्कृतिक जीवन पुरा हुदैन । उदाहरणका लागि मुन्दुमी दृष्टिकोणबाट हेर्दा धनकुटाका आठपहरिया राई अहिले पनि मृत्यु संस्कार गर्नु संसारको जुनसुकै ठाउँबाट भए पनि आउने गर्दछन् भने अरू राई भौतिक रूपमा उपस्थित हुन नसके पनि मुन्दुममा आउने गर्दछन् । यो किरातीहरूको महत्त्वपूर्ण प्रागऐतिहासिक सांस्कृतिक स्थल हो (चाम्लिङ, २०७८ पृ. ८७) । किरात राईहरूमा चाहिँ दुईथरी नछुङ हुन्छन् - एकथरिले पानीपानी हुँदै सांस्कृतिक यात्रा गर्छन अर्थात खोलानदी र त्यससँग जोडिएका थातथलोहरूको उल्लेख गर्छन । यस्तो धामीलाई खातवा इत्यादि भनिन्छ । अर्का थरिले डाडाकाँडा हुँदै सांस्कृतिक यात्रा गछन् अर्थात डाँडाकाँडाका विभिन्न थातथलोहरूको नाम उल्लेख गछन् । यस्ता धामीलाई मोपा इत्यादि भनिन्छ । यसरी गरिने सांस्कृतिक यात्राको थालनी नियामा भन्ने आदिम थलोबाट सुरु भएर पैतिप, जोजिला, खैबर, जम्मु, यौँला, थारु-बाजी-साप्ते, वराहा-

चतरा हुँदै खुवालुङ आइपुग्छ । अर्को भाषामा भन्दा किरातीहरूको आदिम बसाइँसराइको वर्णनका क्रममा उल्लेख हुने एउटा महत्त्वपूर्ण थलो खुवालुङ हो । नछुङ (धामी) हरूले थुप्रैथरि संस्कार गर्ने क्रममा खुवालुङको पुकार गर्छन् ।

मुन्दुमका रिसिया (श्लोक) अनुसार खुवालुङलाई किरातीहरूले अहिले मात्रै होइन, प्राचीनकालदेखि श्रद्धा गर्ने गरेका हुन् । खुवालुङसम्बन्धी मुन्दुमका अनेकौं रिसिया (श्लोक) हरू छन् जसमध्ये खालि चामुसिंह राई (खोटाङ, नेर्पा) ले साकेला पूजा गर्दा वाचन गर्ने मुन्दुमलाई प्रमाणका रूपमा प्रस्तुत गरिहेरौं । रिसियामा भनिन्छ -

खुवालुङ ओ आसेलुङ ओ

कैबोलोनी हो मैनानेपा हो

आसेलोनी हो मैनानिए हो

(भाषानुवाद : हे खुवालुङ, तिमीलाई हामीले उहिले उहिलेदेखि श्रद्धा गर्दै आएको हो है ।)

चामुसिंह राईकै मुन्दुमको रिसियामा खुवालुङबारे यस्तो पनि भनिएको छ -

खुवालुङ ओल्हमालुङ ओ

छियातुप्खा हो यातुप्खा हो

(भाषानुबाद : सानो नदी मिसिने ठाउँमा रहेको तिमी खुवालुङ हामीका लागि पूज्य छौ ।)

मुन्दुममा यसरी सानो नदी मिसिएको ठाउँमा खुवालुङ भनिएको छ । यसको दक्षिणतर्फ हेर्दा बिशाल सप्तकोशी (याङवा) मिसिएको ठाउँ रहेको छ । त्यसमा अरूण (रुइवा), तमोर (थावा) मिसिएपछि सप्तकोशी बनेको देखिन्छ । यहि खुवालुङको मुन्दुममा वर्णित गरीए अनुसार यी नदीहरूको नाम क्रमशः याङवा, रुइवा, थावा भनी उल्लेख गरिएको छ ।

त्यसैगरी याख्खाबा याम्फु भाषिक समुदायमा प्रचलित रिसियामा भनिएको छ :

हे हे हे खो?बे?यु टाङ्बी दुबेये ? पप्पा, हे हे हे खो?बे?यु टाङ्बी दुब पप्पे?को हे हे हे निङवालुङ टोक्सु ।

(भाषानुबाद : हे हे हे खो?वालुङका टाङ्बी बाजेले, हे हे हे खो?वालुङको टाङ्बी बाजेले मनमनै पृथ्वी र मानबको सृष्टि निश्चय गरे)

हे हे हे निङवालुङ सोक्पे हे हे हे हि?वालुङ लिसा हे हे हे हि?वालुङ लिसा ।

(हे हे हे मनका संसार माथि, हे हे हे हावाको सृष्टि भयो हे हे हे हावाको सृष्टि भयो (याम्फु, २०७८ पृ. ७०) ।

यसरी खुवालुङको बारेमा मुन्दुममा वर्णित भएअनुसार सर्बप्रथम टाङबी माङले पृथ्बीको सृष्टि गर्नु भयो । त्यसपछि हावा, पानी, जंगल र प्रकृतिको सृजना गर्नुभयो । यो प्रारम्भिक समय स्थान भनेको खुवालुङ नै थियो भन्ने कुराहरूको उल्लेख गरिएको छ । खुवालुङ आदिम किराती पुर्खाहरू छुट्टिएको ऐतिहासिक तथा सांस्कृतिक स्थल हो । यहीबाट पुर्खाहरू बिभिन्न समुहमा नदीहरूलाई पच्छ्याउदै गएका थिए जो अहिले त्यहि खोलाहरू नदीहरूको आसपासमा मुलथातथलो बनाई सभ्यताको बिकास गरी बसेका छन् । सम्भवत: ती क्षेत्रमा लामो समय बसोबास गरेपछि मात्रै किराती पुर्खाहरू उभो पहाडतिर उक्लिएको हुनुपर्छ । किनभने, किरात राईहरूमा प्रचलित मुन्दुमका रिसिया (रिसिवा) ले खुवालुङ (खुवोलु लाम्छाम्मा) मा रहँदा माछा, जीवजन्तुलाई पासो थापेर मार्ने कला विकास गरिएको उल्लेख पाइन्छ (चाम्लिङ, २०७८ पृ. १६) ।

## छलफल र निष्कर्ष

खुवालुङ किरात सांस्कृतिक स्थल हो । मुर्तरूपमा खुवालुङ एउटा प्रतिक ढुङ्गा हो भने अमुर्त रूपमा सांस्कृतिक आस्थाको स्थल र बृहत क्षेत्र हो । खुवालुङलाई किराती नोछुङ (धामी) हरूले सांस्कृतिक कार्यहरू गर्दा मौखिक परम्परामा मुन्दुमी रिसिया (श्लोक) हरूमा पुकार गर्दछन् । किरातभित्र पनि राई, लिम्बू, याख्खा, सुनुवार, हायू, जिरेल, सुरेल, थामीले आफु किरात भएको स्वीकार गरेका छन् र उनीहरूको अहिलेको मूल थातथलो पुर्बाञ्चलको पहाडी जिल्लाहरू रहेका छन् । पछिल्लो समय तराईमा पनि बसोबास गर्दै आएका छन् ।

भौगोलिक हिसाबले खुवालुङ धनकुटा जिल्लाको सहिदभूमि गाउँपालिका वडा नं. ७ र उदयपुर जिल्लाको बेलका नगरपालिका वडा नं. २ को सिमाना बग्ने पाँच नदीहरू - सुनकोशी, भोटेकोशी, लिखु, इन्द्रावती र दुधकोशी मिसिए बनेको पंचकोशी नदी र त्यसमा अरूण र तमोर मिसिई बन्ने सप्तकोशी नदीको त्रिबेणीको बीचमा प्रतिकात्मक ढुंङगाको रूपमा अबस्थित छ । मुन्दुममा वर्णित व्याख्या अनुसार खुवालुङ बन्द थियो । किरात पुर्खाहरू मुन्दुम रिसिया गाएर यसको द्वार खुलेको थियो । चार दाजुभाइहरू छुट्टिका थिए तर को को थिए भन्ने बारे अनुसन्धाताहरूको एक मत देखिदैन । ती दाजुभाइहरू को को थिए भन्ने बारे अनुसन्धाताहरूको एक मत देखिदैन । एक थरीको मत जेठा हर्कबुङ (भोटे०, माईला मकबुङ (खम्बु राई) साइला रिब्लबुङ (याक्थुङवा लिम्बू) र कान्छा थारुह बादिह (थारु, धिमाल, मेचे कोचे) हुन भन्ने रहेको छ । अर्का थरीको मत खम्बुहाङ (जेठा), मेत्लाहाङ (माइला), मेवाहाङ (कान्छा) हुन् भन्ने मत पनि रहेछ ९राई, २०७९ पृ. ४५) । कतिपयले रुङ्धितामहरू थिए भन्छन् । यसको अर्थ हो, थुप्रै समूहले पटकपटक खुवालुङ पार गरेको थियो भन्ने मत रहेको पाइन्छ । एक भाइ दुधकोशी पच्छ्याउदै लागे, अर्को भाइ अरूण नदी र अर्को भाइ तमोर नदी र त्यसपछि तिनीहरू ती नदीहरूको आसपासमा बसोबास गर्न थाले । अर्को भाई तर्नु नसकी तराईतिर नै बसोबास गर्न थाले भन्ने मत रहेको पाइन्छ ।

खुवालुङ एउटा अबधारणा हो जसले गर्दा किराती पुर्खाहरूले बसाईसराईको क्रममा महत्त्वपूर्ण स्मरणीय रहेको थलोलाई खुवालुङ परिभाषित गरी साझा स्मृति रूपमा सुरक्षित गरे । किरात नछुङहरू थुपै

थरीको संस्कार गर्ने क्रममा खुवालुङ पुकार गर्दै सांस्कृतिक यात्रा गर्दछन् । त्यसैले यसलाई सांस्कृतिक सिमानाको रूपमा पनि लिइन्छ । खुवालुङलाई रिसियामा पुकार गरेको रिसियाको एक अंश प्रस्तुत छ :

खुवालुङ ओ आसेलुङ ओ

कैबोलोनी हो मैनानेपा हो

आसेलोनी हो मैनानिए हो

(हे खुवालुङ, तिमीलाई हामीले उहिले उहिलेदेखि श्रद्धा गर्दै आएको हो है )

खुवालुङ ओ ल्हमालुङ ओ

छियातुप्खा हो यातुप्खा हो

(सानो नदी मिसिने ठाउँमा रहेको तिमी खुवालुङ हाम्राका लागि पूज्य छौ )

अर्को महत्त्वपूर्ण तथ्य भनेको सिली (नृत्य) हो । किरात राईहरूले बिभिन्न सांस्कृतिक कार्यमा सिली (नृत्य) नाच्दछन् । जस्तैः साकेला चाड ९ उधौली उभौली) बिबाह, मृत्युमा संस्कार हिसाबले नाच्ने गदछन् । सिली एउटा अभियान र अभिव्यक्ति कला हो । यो नृत्य सर्बसाधारण र मुन्दुमविद नोछुङ, रिसिमी, कुबिमीहरूले गर्ने गर्दछन् । खुवालुङ सिलीमा किराती समुदायहरू कसरी बसाईसराई गरे भन्ने जीबन्त अभिनय पाउने गरिन्छ । त्यसैले खुवालुङ किराती समुदायको सांस्कृतिक आस्थाको केन्द्रको रूपामा मानिएको छ ।

खुवालुङ क्षेत्रलाई सामरिक महत्त्वका साथ पनि हेर्ने गरिन्छ । यस क्षेत्रमा किरात राजा भीमको बेल्काकोट राजधानी भएको राज्य थियो जो खुवालुङ क्षेत्रसँग किरातीहरूको प्राचीनकालदेखि सम्बन्ध थियो भन्ने देखिन्छ । सामरिक महत्त्वको हिसाबले खुवालुङ क्षेत्र किरातीहरूको प्राचीन आवादी क्षेत्र हो । । केही वर्षअघिसम्म पनि गढीको भग्नावशेष थियो र गढी क्षेत्रमा पुलिकमाला, मट्टीमाला, वाछुइमाला, सिमाला, जिमाला र ताराको गुहु भन्ने ढुङ्गाका मालाजस्ता पुरातात्विक महत्त्वका वस्तु (Artifact० पाइन्थे । यस क्षेत्रमा पाइने पुरातात्विक मट्टीमालाहरूले यहाँ अघि गढी थियो भन्ने कुराको संकेत मिल्दछ । यी सबै कुराले खुवालुङ किरात संस्कृतिको केन्द्रस्थल हो भन्ने कुराको प्रमाणित हुन आउँछ ।

## सन्दर्भ सामग्रीहरू

आचार्य, बलराम (२०६८). समाजशास्त्रका सैद्धान्तिक दृष्टिकोणहरू, सनलाईट पब्लिकेशन ।

ग्याँसले, मार्टिन (२०७७). उत्पति र आदिम बसाईसराई (पूर्बी नेपालको मेवाहाङ राई जातिमा रहेको नातासम्बन्ध) ।

चाम्लिङ, भोगिराज (वि.सं. २०७८). मुन्दुम रिलुङ, किरात राई चाम्लिङ खाम्बातिम ।

चाम्लिङ, भोगिराज, (सम्पा.२०७८). एक ढुङ्गा एक बडापत्र, बेला पब्लिकेसन्स ।

चेम्जोङ, इमानसिंह (सन १९६१) किरात मुन्धुम, किरात याक्थुम चुमलुङ केन्द्रीय कार्यसमिति ।

मल्ल, कमलप्रकाश (सन २०१५). फ्रम लिटरेचर टु कल्चर, सनलाईट पब्लिकेशन ।

याक्खाराई, दुर्गाहाङ (२०५५). किरात हिजो र आज, किरात राई यायोक्खा ।

याक्खाराई, दुर्गाहाङ (२०४९). किरात याक्खाको इतिहास एक छलफल, पैरबी बुक्स एण्ड स्टेशनरी ।

याम्फु, होम (२०७८). खो?वालुङ : किराती उदगम भुमि, बेला पब्लिकेसन्स ।

राई, चतुरभक्त (२०७८). खुवालुङ किरात प्राग्ऐतिहासिक सांस्कृतिक स्थल, बेला पब्लिकेसन्स ।

राई, तारामणि (२०७८). (खुवालुङ्को रक्षार्थ प्रतिरोध, बेला पब्लिकेसन्स ।

राई शातासक, शालिक (२०७८). खुवालुङ : किरात जातिको सांस्कृतिक आस्था केन्द्र (कार्यपत्र धरान, सुनसरी ), किरात राई सांस्कृतिक कलाकार संघ ।

राई, प्रदिपकुमार (२०७८). खुवालुङ सांस्कृतिक सिमाना, बिधावारीधि दोस्रो सेमिस्टर, सेमिनार पेपर, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व बिभाग, त्रिवि ।

सिंह, जि.पी. (अनुवादक टी.बी. राई (१९९०). प्राचीन भारतमा किरातहरू, निर्माण प्रकाशन, नाम्ची दक्षिण सिक्किम ।

सिंह जिपी (सन २००८). रिसर्चेज इन द हिस्ट्री एन्ड सिभिलाइजेसन अफ दी किरात्स, निर्माण प्रकाशना नाम्ची दक्षिण सिक्किम ।